# आर्थिक बर्ष ०७४।०७५, फालेलुङ गाउँपालिकाको

# लागि गाउँपालिका उपाध्यक्ष श्री हिमा अधिकारी द्वारा प्रस्तुत नीति तथा कार्यक्रम

फालेलुङ गाउँपालिका

फालेलुङ गाउँपालिका पाँचथर

फालेलुङ गाउँसभा अध्यक्ष ज्यू,
गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,
उपस्थित कर्मचारिहरु
श्रीमान अध्यक्ष ज्यू,

सर्वप्रथम दश बर्षे सशस्त्र द्वन्द र विभिन्न जनआन्दोलनमा विरगति प्राप्त भएका सहिदहरु र हालै मात्र प्राकृतिक प्रकोपबाट मृत व्यक्ति श्रदान्जलि अर्पण गर्दै नेपालको लोकतान्त्रिकरणको लागि योगदान पुऱ्याउनु हुने सम्पुर्ण पक्षहरुको उच्च सम्मान गर्दै सभाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान २०७२ जारि भइ उक्त संविधानले व्यवस्था गरे बमोजिम देशमा संघियता कार्यान्वयनमा आएको छ । लामो समय सम्मको आमनेपालि जनताको प्रतिक्षा दश बर्षे सशस्त्र संघर्ष, ०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, दलित, जनजाति आन्दोलन, दुइ पटक सम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण तथा जारि हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरु व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानिय तहको निर्वाचन २०७४ सम्पन्न भइ आज हामि फालेलुङ गाउँपालिकामा स्थानिय सरकारको रुपमा रहि यो कार्यक्रममा बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित भएका छौं यसका लागि हामिलाई विस्वास गरि विजयी गराउनु हुने सम्पुर्ण मतदाताहरुलाई हार्दिक धन्यबाद दिन चाहनछु ।

अध्यक्ष महोदय,

अब म फालेलुङ गाउँपालिकाको आगामि सोच, लक्ष्य र उदेश्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

सोच : समुन्नत भौतिक सामाजिक पुर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट पर्यटकिय गाउँपालिका बनाउने ।

लक्ष्य : आन्तरिका आयको बृद्धि गर्दै मानविय तथा भौतिक विकासको पक्षमा ध्यान दिइ आर्थिक विकासको आधार तय गर्ने तर्फ कन्द्रित रहने ।

उदेश्य : आमजनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने ।

फालेलुङ गाउँपालिका

अध्यक्ष महोदय ,

अव आगामी आर्थिक वर्ष ०७४।०७५ मा फालेलुङ गाउँपालिकाले अवलम्बन गर्ने नीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) आर्थिक विकास तर्फ

१.उन्नत जातका फलफुल, तरकारी बालि, मसला बालिको सम्भाव्यता अध्ययन गरि उपयुक्त स्थानमा खेति गर्न कृषक समूहलाई प्रोत्साहन गरिनेछ र कृषि उपजको बजारिकरणको उचित प्रवन्ध गरिनेछ ।

२.पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउन आवश्यक गृहकार्य गरिनेछ जस अनुसार पशु विमा , नश्ल सुधार जस्ता क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

३.पर्यटन व्यवसायलाई प्रवर्दन गर्न पर्यटकिय रिङ रोड निर्माणमा जोड दिइनेछ ।

४.फालेलुङ गाउँपालिकामा रहेका विभिन्न झरना, पोखरि को सरक्षण गरिनेछ ।

## (ख) सामाजिक विकास तर्फ

१. अध्यक्ष महोदय,
गुणस्तरीय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणलिलाई प्रवर्दन गर्न प्राथमिकता दिँदै विद्यालयको संस्थागत सुधार गर्न आवश्यक गृहकार्य गरिनेछ ।

२ विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालय जाने, बाताबरण बनाउन बालमैत्रि शिक्षामा जोड दिइनेछ ।

३. भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्ने जनताको अधिकार सुनिश्चित गर्न स्वास्थ्य चौकिहरुको संस्थागत सुधार गरिनेछ ।

४. सम्पुर्ण गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामै प्रसुति गराउने व्यवस्था मिलाइनेछ ।

५. “**एक घर एक धारा**”को नीति अबलम्वन गरिनेछ ।

६ ऐतिहासिक पुरातात्विक धरोहरको संरक्षण गर्ने उदेश्यले परम्परागत रुपमा निर्मित मठ मन्दिर, गुम्बाहरुको संरक्षण र संबर्दन गर्दै लगिनेछ ।

७. महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।

८. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला बालबालिका दलित फरक क्षमता भएका व्यक्ति ज्येष्ठ नागरिक अल्पसङख्यक सिमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि कार्यलाई अघि बढाउन आयमुलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

फालेलुङ गाउँपालिका

## (ग) पुर्वाधार विकास तर्फ

१. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत निर्माण मापदण्ड २०७२ कार्यान्वयनमा ल्याई गुणस्तरीय भवन निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

२. यस गाउँपालिका भित्र सडकको पहुँच नपुगेको स्थानहरुमा सडकको पहुँच पुऱ्याइनेछ र हाल सञ्चालनमा आइ रहेका सडकहरुको मर्मत तथा स्तरोन्नति गरिनेछ ।

३. कृषि भुमिमा सिँचाई सुविधा उपलव्ध गराउन सिँचाइ आयोजना निर्माण र पुराना आयोजनाको मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

४ .अध्यक्ष महोदय,

**“ उज्यालो घर फालेलुङको भर”**कार्यक्रम सञ्चालन गरि विद्युतको भरपर्दो व्यवस्था गर्न विगतमा यस क्षेत्रमा सञ्चालनमा रहेका लघु जलविद्युत आयोजनाहरुको मर्मत र विस्तार साथै नँया आयोजनाको निर्माण मार्फत स्थानिय जनतालाई विद्युत उपभोगको प्रबन्ध मिलाइनेछ ।

## (घ) बाताबरण तथा विपद व्यवस्थापन तर्फ

१. अवैध रुपमा गरिने जङ्गल फडानिलाई निरुत्साहित गरिनेछ ।

२. प्राकृतिक प्रकोपबाट विस्थापित जनतालाई एकीकृत बस्ति निर्माणको व्यवस्था मिलाइनेछ । प्रत्येक वार्ड र गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

३. बन तथा भ-संरक्षणका लागि आवश्यक व्यवस्था गरिनेछ, जलाधार क्षेत्रको संरक्षणमा जोड दिइनेछ, बाताबरणलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था गरिनेछ, जलबायु परिवर्तन अनुकुलित कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह तर्फ

१. सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ, संस्थागत पुर्वाधार विकासमा जोड दिइनेछ ।

२. यस गाउँपालिका भित्रका सबै सार्वजनिक निकायमा अनिवार्य रुपमा, र नागरिक सहायता कक्षको स्थापना, नागरिक बडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ ।

३. सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतिय माध्यमबाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

४. गाउँपालिकाको योजना निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाउन गाउँपालिकाको पाश्र्व चित्र प्रत्येक वर्ष अद्यावधिक गरिनेछ ।

५. गाउँपालिका र अन्तर्गका सम्पुर्ण वार्डहरुमा इन्टरनेट जडान गरि पञ्जिकरण र सामाजिक सुरक्षालाई अनलाइन मार्फत गराउने व्यवस्था मिलाइनेछ ।

६. अध्यक्ष महोदय,

गाउँपालिका सम्पुर्ण सूचनाहरुमा जनताको पहुँच पुर्‍याउन वेवसाइटलाई अद्यावधिक गरिनेछ ।

७. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटिको अन्त्य गर्दै आर्थिक वर्षको सुरुमा नै योजना बनाएर काम सुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

## च) वित्तिय व्यवस्थापन र सुशासन तर्फ

१. आन्तरिक श्रोतको दायरा फराकिलो पार्दै विकासका कार्यलाई गति प्रदान गर्न प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाबाट अनुमोदन भई गाउँसभाबाट स्विकृति प्राप्त भएको कर शुल्क दस्तुर जरिवाना असुल गर्ने कार्य कडाईका साथ लागु गरिनेछ ।

२. प्रत्येक सार्वजनिक निर्माणहरुको अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ ।

३. गाउँपालिकाको आर्थिक कारोबारलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप लेखाँकन पद्धतिमा राखिनेछ । अन्तिम लेखापरिक्षण र बेरुजु फर्छ्यौटलाई तोकिएको समयमा सम्पन्न गर्ने नीति लिइनेछ ।

अध्यक्ष महोदय,

“फालेलुङको समृद्धिको आधार
कृषि, पर्यटन, जलश्रोत र भौतिक पुर्वाधार”

**नारालाई मूल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने बाताबरणको सृजना गरिने छ ।**

अध्यक्ष महोदय,
अव म आर्थिक वर्ष ०७४।०७५ को लागि प्रस्तावित आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । यस फालेलुङ गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७४।०७५ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आय तर्फ जम्मा रु २८६४४३३७६।२ ( अक्षरेपि अठ्ठाइस करोड चौसठ्ठि लाख त्रिचालिस हजार तिन सय छ्यतर रुपैया विस पैसा) विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ १४४००६६९६ ( अक्षरेपि चौध करोड चालिस लाख, छ हजार छ सय छ्यानव्वे ) विनियोजन गरेको छु जुन कुल रकमको ५०.२७ प्रतिशत हुन आउँछ , र पुँजिगत खर्च तर्फ १४२४३६६८०।२ (अक्षरेपि चोध करोड, चौविस लाख, छत्तिस हजार छ सय अस्सि रुपैँया विस पैसा) बिनियोजन गरेको छु जुन कुल रकमको ४९.७३ प्रतिशत हुन आउँछ ।

आगामी आ.व. ०७४।०७५ का लागि खर्च व्यहोर्ने श्रोत तर्फ आन्तरिक राजश्वबाट ६१९४०० ( अक्षरेपि छ लाख उन्नाइस हजार चार सय मात्र ), नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ १८,१८,४३,००० ( अक्षरेपि अठार करोड अठार लाख त्रिचालिस हजार मात्र) सशर्त अनुदान तर्फ ९८५३६००० ( अक्षरेपि नौ करोड पचासि लाख छत्तिस हजार मात्र) र अघिल्लो आ.व. को नगद बचत ५४४४९७६।२ ( अक्षरेपि चोवन्न लाख, चौवालिस हजार, नौ सय छ्यतर रुपैया विस पैसा मात्र) रहेको छ ।

फालेलुङ गाउँपालिका

अध्यक्ष महोदय,

अव म क्षेत्रगत विकास तर्फको व्यय भन्ने अनुमति चाहन्छु ।

क) आर्थिक विकास : २३४९२००० ( अक्षरेपि दुइ करोड चउतिस लाख बयानब्बे हजार मात्र)
ख) सामाजिक विकासः २७९८१००० ( अक्षरेपि दुइ करोड उनासी लाख एकासी हजार मात्र )
ग) पुर्वाधार विकास : ६५१३९००० ( छ करोड, एक्काउन्न लाख उननचालिस हजार मात्र)
घ) बाताबरण तथा विपद व्यवस्थापन : ५०६३९८० ( पचार लाख त्रिसठ्ठि हजार नौ सय अस्सि मात्र)
ङ) संस्थागत विकास, सेवा प्रबाह र सुशासन : ३६७५००० ( छत्तिस लाख पचहतर हजार मात्र) बिनियोजन गरिएको छ ।

## र अन्त्यमा

यी सवै विविध पक्षहरुमा महत्वपुर्ण सहयोग पुऱ्याउनु हुने सवै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, नागरिक समाज, संचार क्षेत्र, तथा सम्पुर्ण फालेलुङ बासि आमा, बुवा, दाजु भाइ तथ दिदी बहिनीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

फालेलुङ गाउँपालिका